# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८३/२०८२/०८३
# मितिः २०८२।०८।१५ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ८३ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः बिहान ८:०० बजे।**

## तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| कानेपोखरी अस्पतालको Dismantle खर्च व्यवस्थापन सम्बन्धमा। | १ |
| वडा नं.५ मा रहेको अव्यवस्थित घरटहरा व्यवस्थापन सम्बन्धमा | २ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारीमा संचालन सम्बन्धमा। | ३ |
| योजना सञ्चालनका लागि स्रोत सुनिश्चितता गर्ने सम्बन्धमा। | ४ |
| गाउँ कार्यापालिकाको कार्यालय भवन तथा वडा कार्यालयको मर्मत सम्भार गर्ने सम्बन्धमा। | ५ |
| विविध। | ६ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०८।१४ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष    १ नं. वडा अध्यक्ष    २ नं. वडा अध्यक्ष    ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष    ५ नं. वडाध्यक्ष    ६ नं. वडा अध्यक्ष    ७ नं. वडा अध्यक्ष

**<u>गाउँ कार्यपालिकाका सदस्यहरुः</u>**

पदम कुमारी कार्की    साउनी माझी    सुशिला श्रेष्ठ    प्रमिला परियार

झपटुलाल राजबंशी    सुफल मुर्मु सतार

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८३/२०८२/०८३
## मितिः २०८२।०८।१५ गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०८।१५

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ८:०० बजे।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८३/२०८२/०८३
## मितिः २०८२।०८।१५ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत कानेपोखरी अस्पताल, बयरवनको निर्माणाधीन भवन को दोश्रो ब्लक निर्माणस्थल तयार गर्न भैरहेको पूरानो भवनको आधा भाग भत्काउनु पर्ने  भएकोले उक्त भवन भत्काउन लाग्ने प्राविधिक लागत अनुमान अनुसारको रकम रु.७,००,०००।—(अक्षेरुपी सात लाख) मर्मत संभार कोषबाट खर्च लेख्ने गरी कार्यालयमा सूचीकृत फर्मबाट दररेट माग गरी सोझै खरिद विधिबाट खरिद प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी वडा नं.५, भौंसाबारी बजारमा अव्यवस्थित रुपमा बसोबास गर्दै आईरहेका तपसिलका घर परिवारलाई अन्यत्र व्यवस्थापन गर्न (नीजहरुको घर भत्काई आफ्नै स्वामित्वको जग्गामा घर निर्माण गरी बसोबास गर्न) क्षतिपूर्ति बापत प्रति घर रु.७५,०००।—(पचहत्तर हजार) का दरले निर्माण खर्च वापत मर्मत सम्भार कोषबाट रकम उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| क्र.सं. | नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|
| १ | राम शाह | भौंसाबारी | रामशिस साह | |
| २ | अभिशेक शाह | भौंसाबारी | जय प्रकाश साह | |
| ३ | राम कुमारी यादव | भौंसाबारी | सिताराम यादव(ससुरा) | |

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम(प्रधानमन्त्री रोजगार कार्यक्रम) साझेदारी कार्यक्रमबाट तपसिल बमोजिम अनुसार आयोजनाहरु सञ्चालन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**तपसिल**

| आ.व. २०८२-०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम(प्रधानमन्त्री रोजगार कार्यक्रम) र कानेपोखरी गाउँपालिको आयोजनासँग साझेदारीमा सञ्चालन हुने आयोजनाहरूको लागत अनुमानको विवरणः- | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | आयोजना/कार्यक्रमको नाम | वडा | जम्मा लागत अनुमान रू. | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजित रकम रु. | पालिकास्तर बाट विनियोजित रकम | वडास्तर बाट विनियोजित रकम | कैफियत |
| १ | भलुवा हात्तीडुब्बा पैनी तथा पिडडाँडा सिचाई ड्रेन | ४ | रू.८७१८२०।- | रू.२९९१४७।- | रू.१३६५००।- | रू.३५००००।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण | | | | | | |
| २ | कालीकोशी मुहान १ र २ नं. पैनीमा वाल निर्माण | ५ | रू.७७२४११।- | रू.३१६६१९।- | रू.३८७०००।- | रू.०।- | |
| ३ | साफिलाल टोल ढल तथा ड्रेन निर्माण | ५ | रू.११६२१३०।- | रू.४५५८००।- | रू. ०।- | रू.६०००००।- | |
| ४ | शिवालय पैनीमा ड्रेन निर्माण | ६ | रू.९३२७२०।- | रू.३७३०६१।- | रू.४७५५००।- | रु.०।- | |
| ५ | बिहिबारे सुन्तोली सडक राखी राईको घर छेउमा वाल निर्माण | ६ | रू.६४६९४३।- | रू.२६४४३१।- | रू.३२५०००।- | रू.०।- | |
| ६ | २५ विघेमा वाल निर्माण | ७ | रू.३९७९६६।- | रू.१६२६६५।- | रू.२०००००।- | रु.०।- | |
| जम्मा | | | रु.४७८३९९०।- | रू.१८७१९५७।- | रू.१५२४०००।- | रू.९५००००।- | |

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा प्राविधिक विकास शाखाबाट स्वीकृत अनुसार स्वीकृत बजेट अनुसार सातै वडाहरुमा तपसिलका १० वटा योजनाहरु समावेश गरी एकमुस्ठ रु १३,६०,५३,६६०.९६ को लागत अनुमान तयार भएको। यसरी सबै वडाहरुमा एकैसाथ काम गर्दा गराउँदा उक्त निर्माण व्यवसायी मार्फत फरक फरक ठाँउमा एकै पटक कार्य संञ्चालन नहुने, ढिलाई हुने, समयावधि बढी लाग्न सक्ने, काम प्रभावकारी ढंगवाट हुन नसक्ने देखिएकोले पालिकाको भूगोल अनुसार वडा नं १ देखि ४ सम्मका योजनाहरु समेटेर रु ६,४४,८७,७२६.०६ को १ प्याकेज र वडा नं ५ देखि ७ सम्मका योजनाहरु समेटेर रु ७,१५,६५,९३४.८७ को अर्को प्याकेज गरी जम्मा २ प्याकेज बनाई उल्लेखित रकम अनुसारको लागत अनुमान स्वीकृत गरी eGP मार्फत वहुवर्षीय योजना स्वीकृत गरी नपुग रकम रु.९,००,००,०००।—(अक्षेरुपी नौ करोड) आगामि आ.व. को बजेटबाट विनियोजन हुने गरी खरिद प्रकृया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

### तपसिल

१. **Construction of Roads at ward no 1 - 7,Part-1**

१.१ **Construction of Asphalt Road Putali chowk-Jhulunge Pull Gadda Tole road ward no 1,**

१.२ **Dabi tol- Mahinawari road ward no 2,**

१.३ **Milan Chowk Mangalbare road ward no 3,**

१.४ **Parnami Danda Rimal Chowk Hattiduba Gairigaun road ward no 4**

२. **Construction of Roads at ward no 1-7. Part-2**

२.१ **Construction of Asphalt Road Thulo gaaun campus dhanda road ward no-5,**

२.२ **kanepokhari 6 & 7 ko simana sukuna culvert bata purba Section and Mitrata Chowk to Milchowk Road section (Adarsa Tole road) ward no -6,**

२.३ **Sub-base at Bihibare bazar- shivalaya mandir-Jyamire chowk Road Section ward no 6,**

२.४ **Construction of Asphalt concrete at Bidai chautara east Nursary Danda Road ward no 6,**

२.५ **Aaitabarey mandir hudai ४० bighey jahada section, ward no 7**

२.६ **Aaitabarey Sukrabare road section (From shanti chowk to sukrabare) ward no 7.**

निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्बन्धमा छलफल गर्दा जेन्जि आन्दोलनका क्रममा क्षति भएका वडा नं ०३, ०४, ०५ र ०७ का वडा कार्यालयहरुको मर्मत संभार यथाशीघ्र गरी सोही भवनबाट सेवा प्रवाह गर्न पूर्वाधार विकास शाखाबाट तयार भएको रु ९,६१,०२८.७०।- को लागत अनुमान पेश भएकोमा कार्यालयमा सूचिकृत फर्मबाट दररेट माग गरी सोझै खरिद विधिबाट खरिद प्रकृया अगाडि बढाउने र मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी गाउँ कार्यपालिकाको कार्यालय तथा पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय सार्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्बन्धमा छलफल गर्दा निम्नलिखित विभिन्न बुँदामा छलफल गरी भुक्तानी दिने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निम्नानुसार,**

| क्र.सं. | विवरण | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|
| १ | कानेपोखरी-५, छकमक टोल बस्ने ईश्वर बहादुर कार्कीको धानको माच,पराल र १ तले गोठ कटेरा आगलागी भै जलेर पूर्ण नष्ट भएकाले राहत वापत | ५ | १५,०००।- |
| २ | कानेपोखरी-१, बस्ने सुभाष बरालको १ तले टिनको घरसाथै गोठघर आगलागी भै पूर्ण रुपमा जलेर नष्ट भएकाले राहत वापत | १ | २०,०००।- |
| ३ | कानेपोखरी-२, मैनावारी बस्ने टिका बहादुर निरौलाको धानको कुन्युमा आगलागी भै जलेर पूर्ण रुपमा नष्ट भएकाले राहत वापत | २ | १५,०००।- |
| ४ | कानेपोखरी-६, दहिधाप बस्ने निम्न परिवारका घर कटेरोमा जंगली हात्ती आई अन्नपात नष्ट भएकाले राहत वापत तपसिल बमोजिमको व्यक्तिहरुलाई बिपद् व्यवस्थापन कोषबाट दिने,<br>क. दिल कुमारी लिम्बु- रु.१२,०००।—<br>ख. पुष्पा मगर- रु.५०००।—<br>ग. सन्तबहादुर कार्की- रु.५०००।— | ६ | २२,०००।- |
| ५ | कानेपोखरी-२ बस्ने चन्द्र बहादुर बुढाथोकीको पराल र धानको कुनिउमा अचानक आगलागी भई जलेर पूर्ण नष्ट भएको राहत वापत, | २ | १०,०००।- |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८३/२०८२/०८३
# मितिः २०८२।०८।१५ गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| ६ | कानेपोखरी-५ बस्ने घिनीया थारुको कुन्युमा आगलागी भई धान जलेर पूर्ण रुपमा नष्ट भएकाले राहत वापत, | ५ | १०,०००।- |
| ७ | कानेपोखरी-५, चिसाङ्गमा बस्ने मोहन सिं मगरको घरमा जंगली हात्ती आई आक्रमणबाट भान्साघर भत्काई पूर्ण नष्ट भएकाले राहत वापत, | ५ | ८,०००।- |
| ८ | कानेपोखरी-५ बस्ने नियम्नी धिमालको केरा खेती लगाएको ठाउँमा केरा बोट पूर्ण रुपमा नष्ट भएकाले राहत वापत, | ५ | ८,०००।- |
| ९ | कानेपोखरी-५ बस्ने राम बहादुर राईको केरा खेती लगाएको ठाउँमा केरा बोट पूर्ण रुपमा नष्ट भएकाले राहत वापत, | ५ | ७,०००।- |
| १० | कानेपोखरी-५ बस्ने ईन्द्र सुब्बाको धानबाली नष्ट भएकाले राहत वापत, | ५ | ५,०००।- |
| ११ | कानेपोखरी-५ बस्ने नारयण धिमालको घरमा काठ,जस्ताको छानो जलेर भन्साघर पूर्ण नष्ट भएकाले राहत वापत, | ५ | ८,०००।- |
| १२ | कानेपोखरी-५ बस्ने देउ कुमार राईको तोरी खेती बाली नष्ट भएकाले राहत वापत, | ५ | ८,०००।- |
| १३ | कानेपोखरी-५, कारिटोल बस्ने दिपेन्द्र धिमालको लैना गाईले बिषादी खाई मृत्यु भएकाले राहत वापत, | ५ | १५,०००।- |

**खेलकूद शीर्षकबाट खर्च लेख्ने गरी कानेपोखरी गाउँपालिकाका खेलाडीहरुलाई अन्तरपालिका खेलकुद कार्यक्रममा सहभागी हुन निम्नानुसार खर्च दिने,**

| क्र.सं. | विवरण | स्वीकृत रकम |
|---|---|---|
| १ | कानेपोखरी-५ जहदा फुटबल क्लबले लेटाङमा प्रदेशस्तरीय प्रथम महिला फुटबल प्रतियोगितामा सहभागीको लागि खर्च व्यवस्थापन गर्न, | २०,०००।- |
| २ | मोरङ बहिरा फुटबल संघले चौथो कोशी प्रदेशस्तरीय मैत्रीपूर्ण बहिरा फुटबल प्रतियोगिता सञ्चालनको लागि लागि खर्च व्यवस्थापन गर्न, | ८,०००।- |
| ३ | सुन्दरहरैचा नगरपालिकाद्वारा आयोजित दोस्रो कोशी प्रदेश अन्तरपालिका महिला भलिबल प्रतियोगितामा सहभागिताका लागि खर्च व्यवस्थापन गर्न, | ८,०००।- |

**नागरिक उपचार सहायता कोषबाट खर्च लेख्ने गरी आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।**

| क्र.सं. | विवरण | वडा नं. | स्वीकृत रकम |
|---|---|---|---|
| १ | कानेपोखरी गाउँपालिकामा नगर प्रहरी पदमा कार्यरत थिर बहादुर कटुवाल कार्यालयको कामकाजमा खटिँदाको बखतमा मोटरसाईकल दुर्घटनामा परि घाईते भएकोले उपचार खर्च वापत दिने, | ४ | ५०,०००।- |
| २ | कानेपोखरी-५ बस्ने सुस्मिता विश्वकर्मालाई फोक्सो,किडनीमा दिर्घकालीन रोग लागेको तर घरको आर्थिक अवस्था अत्यन्त नाजुक रहेकाले उपचार सहयोग वापत दिने, | ५ | १५,०००।- |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/८३/२०८२/०८३
# मितिः २०८२।०८।१५ गते बसेको बैठक

| | | | |
|---|---|---|---|
| ३ | कानेपोखरी-३, प्रेम कुमार कार्की ढोलीको छोरी युनिसा कार्की ढोलीलाई टिभिको ईन्फेक्सन रोग लागेको आर्थिक अवस्था अत्यन्त नाजुक रहेकाले उपचार सहयोग वापत दिने, | ३ | ८,०००।- |

**पत्रपत्रिका,छपाई तथा सूचना प्रकाशन खर्च शीर्षकबाट खर्च लेख्ने गरी निम्नानुसार भुक्तानी दिने निर्णय गरियो।**

| क्र.सं. | विवरण | स्वीकृत रकम |
|---|---|---|
| १ | प्रेस चौतारी मोरङलाई २०८३ सालको क्यालेन्डर सुचनामूलक सन्देश प्रकाशन | २०,०००।- |
| २ | थारु पोर्टल मिडियाले सुचनामुलक सन्देश सम्प्रेषण | ८,०००।- |
| ३ | समाज रुपान्तरण मिडियाले गाउँपालिकासँग अन्तरवार्ता कार्यक्रम सञ्चालन | १०,०००।- |